Co-funded by the European Union

SUOMI FINLAND

LOCAL ADAPTATION TO CLIMATE CHANGE
LACC PROJECT

शारदा नगरपालिका, सल्यान
जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

२०८३ श्रावण



शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

Cowater International

## विषय सूची

विषय सूची .......... 0

तालिका .......... 2

क. आर्थिक प्रगतिको सारांश .......... 1

ख. भौतिक प्रगतिको सारांश .......... 2

नतिजा १जलवायु उत्थानशील जीविकोपार्जन तथा भू पारिस्थितिक प्रणालीको समावेशी व्यवस्थापन र संरक्षण : .......... 2

नतिजा २समावेशी र दिगो जलस्रोत व्यवस्थापन अभ्यासको सबलीकरण : .......... 3

नतिजा ३प्रदेश र स्थानीय स्तरमा दिग :ो, समावेशी र एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनका लागि अनुकूल हुने अवस्था र शासन प्रणाली .......... 4

आर्थिक वर्ष २०८२।०८३ को बार्षिक प्रगति प्रतिवेदन .......... 5

१. पृष्ठभूमि .......... 5

२. लक्ष्य बमोजिम उपलब्धी .......... 7

२.१ लक्ष्य र प्रगतिको सारांश .......... 7

२भौतिक प्रगति २. .......... 7

२क्षमता विकास ३. .......... 10

२जलवायु उ ४.त्थानशील कृषि तथा कृषिवन क्रियाकलाप .......... 11

३. अनुगमन तथा प्रतिवेदन .......... 13

४. प्रगति समिक्षा तथा योजना तर्जुमा .......... 15

५. परियोजना सँग सम्बन्धित स्थानीय तहका ऐनतथा योजना सम्वन्धी क्रियाकलापहरु ,रणनीति ,लीनियमाव ,नियम , .......... 17

६. परियोजनाका अन्तरसम्वन्धित उद्देश्यसँग सम्वन्धित मुख्य मुख्य क्रियाकलापहरु .......... 18

७. सहकार्य .......... 20

८ आगामी आर्थिक वर्षका लागि परियोजना तर्फका प्रमुख प्राथमिकताहरु र समपुरक बजेटको ब्यवस्था .......... 21

८ सिकाई ,चुनौती तथा समस्याहरु .......... 23



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

हरिचन्द्र बुढा प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १मा संचालित आयोजनाहरुको विवरण.व.यस आ :........................................25
अनुसूची २मा संचालित तालिमहरुको विवरण.व.यस आ :१........................................26
अनुसूची २२०८ आर्थिक वर्ष :२.२।०८३ को पेश्की बाँकीको अवस्था........................................27
अनुसूची ३शारदा नगरपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु :........................................28
अनुसूची ४ :दृश्यता तथा प्रचारप्रसार (शिक्षा र संचार ,सुचना)........................................29
अनुसूची ५परियोजना कार्यान्वयन एकाइ जनशक्ति विवरण :........................................29
अनुसूची ६प्राविधिक तालिम प्राप्त जनशक्तिको : विवरण........................................29
अनुसूची ७निर्माण आयोजनाबाट प्रत्यक्ष स्थानीय रोजगारीको विवरण :........................................30
अनुसूची ९नगरसभा बैठक निर्णयको प्रतिलि/पालिकाको समपुरक बजेट सम्वन्धि कार्यपालिका वा गाउँ :........................................31

## तालिका

तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी........................................8
तालिका २ : यस आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु........................................9
तालिका ३ : लक्ष्य बमोजिम भौतिक उपलब्धि हासिल हुन नसक्नुको कारण........................................10
तालिका ४ : दिगो कृषि, भूमि र वन व्यवस्थापन अभ्यासहरू पालना गर्न प्रशिक्षित जनशक्तिको विवरण सारांश........................................11
तालिका ५ : जलवायु उत्थानशील कृषि तथा कृषिवन प्रविधि सम्बन्धि क्रियाकलाप गर्ने घरधुरी विवरण........................................11
तालिका ६ दिगो उत्पादन, आयआर्जन र बजारमा पहुँच बढाएका घरधुरीहरु सम्बन्धी विवरण........................................11
तालिका ७ : उपभोक्ता समिति सम्बन्धी विवरण........................................12
तालिका ८ : जलवायु उत्थानशील, दिगो प्राकृतिक स्रोत र समावेशी व्यवस्थापन सम्बन्धि प्रशिक्षित जनशक्ति विवरण सारांश........................................13
तालिका ९ : स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बिकास सम्बन्धि विवरण सारांश........................................13
तालिका १० : स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बिकास सम्बन्धि विवरण सारांश........................................13
तालिका १२ : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन........................................14
तालिका १३ : .........पालिका परियोजना व्यवस्थापन समितिको बैठक........................................15
तालिका १४ : परियोजना कार्यान्वयन एकाइको द्वैमासिक/अर्धबार्षिक योजना तर्जुमा तथा प्रगति समीक्षा बैठक........................................17
तालिका १५ : परियोजनासँग सम्बन्धित क्रियाकलापहरुमा सरोकारवाला निकायहरुसंग सहकार्य........................................20
तालिका १६ : समस्या तथा समाधानका लागि गरिएका प्रयास तथा उपायहरु........................................23

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

## क. आर्थिक प्रगतिको सारांश

| प्रतिवेदनको समयावधिः | १० मंसिर २०८२ देखि ३२ आषाढ २०८३ | | | | |
|---|---|---|---|---|---|
| **आर्थिक प्रगति सारांश** | | | | | |
| परियोजनाको लागि यस आ.व. को कुल बजेट तथा खर्चको अवस्था(रु. हजारमा)(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | शीर्षक | वार्षिक बजेट | निकासा | खर्च | खर्च प्रतिशत |
| | पुँजीगतः | १५०२० | १११११९.४० | ६१३४.८१ | ४१% |
| | कार्यक्रम/चालुः | ३४३० | १८३०.६० | १८३०.६० | ५३% |
| | जम्माः | १८४५० | १२९५० | ७९६५.४१३ | ४३% |
| स्रोतगत रुपमा आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था (रु. हजारमा) | लगानीको स्रोत | वार्षिक बजेट | निकासा | खर्च | खर्च प्रतिशत |
| | स्थानीय तह | ४५५० | ८८४.८१३ | ८८४.८१३ | १९% |
| | नेपाल सरकार | ३९०० | ३९०० | ३९०० | १००% |
| | फिनल्याण्ड सरकार र इयू (GoF+EU) | १०००० | ५००० | ३१८०.६० | ३१ % |
| | जम्मा (NRDF): | १८४५० | ९७८४.८१३ | ७९६५.४१३ | ४३% |
| | उपभोक्ताको नगद (Cash) | ९३.०० | ९३.०० | ९३.०० | १००% |
| | उपभोक्ताको जनश्रमदान (Kind) | २९०७ | ५८८.५४ | ५८८.५४ | २०% |
| | जम्मा (उपभोक्ता): | ३००० | २८११.७८ | ६८१.५४ | २२% |
| | कुल जम्माः | २१४५० | १५७६१.७८ | ८५५३.९५३ | ४०% |

## ख. भौतिक प्रगतिको सारांश

### नतिजा १: जलवायु उत्थानशील जीविकोपार्जन तथा भू पारिस्थितिक प्रणालीको समावेशी व्यवस्थापन र संरक्षण

| क्षेत्र | आ.व. २०८२।०८३ को लक्ष्य | आ.व. २०८२।०८३ को प्रगति | परियोजनाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| **आयोजनाहरु (Schemes):** | | | |
| जलवायु उत्थानशील सिंचाइ आयोजना (नहर कुलो) | ३ | २ | क्रमागत |
| जलवायु उत्थानशील सिंचाइ आयोजना (सौर्य तथा विद्युतीय लिफ्ट) | ० | ० | ० |
| जलवायु उत्थानशील सिंचाइ आयोजना (लघु (माइक्रो) तथा आधुनिक सिँचाई)) | ० | ० | ० |
| सुधारिएको चुल्हो आयोजना (माटोको चुल्हो, फलामको चुल्हो) | ० | ० | ० |
| सुधारिएको पानी घट्ट आयोजना | ० | ० | ० |
| जलवायु उत्थानशील कृषि सम्बन्धि आयोजना | ० | ० | ० |
| जलवायु उत्थानशील कृषि वन सम्बन्धि आयोजना | १ | १ | १ |
| बायोइन्जिनियरिंग आयोजना | २ | १ | क्रमागत |
| प्रकृतिमा आधारित समाधान (NbS) योजनाहरु (वातावरण संरक्षण गर्न पहिरो/बाढी न्यूनीकरण (तटबन्ध, पहिरो सुधार स्थिरीकरण आदि) आयोजना | ० | ० | |
| वन समुहहरु तथा प्राकृतीक स्रोत दिगो व्यवस्थापन सम्बन्धि आयोजना | ० | ० | |
| **तालिम, गोष्ठी तथा अभियानहरु:** | | | |
| जलबायु मैत्री अगुवा कृषक तालिम | १ | १ | १ |
| जलबायु मैत्री घरबारी व्यवस्थापन तालिम | १ | १ | १ |
| तयारी चरण चरणबद्ध क्रियाकलाप | १२ | २४ | २४ |
| प्राविधिक तालिम तथा परिचालन मर्मत सम्भार कार्यकर्ता), अपरेटर, जलस्रोत प्राविधिक आदि( | १ | ० | ० |
| चरण चरणबद्ध उपभोक्ता समिति व्यवस्थापन तथा खरिद सम्बन्धि तालिम | १ | १ | १ |



शारदा नगरपालिका नगरकार्यपालिकाको कार्यालय बलरा, सल्यान

प्रमुख प्रशासकीय अधिकृत

| क्षेत्र | आ.व. २०८२।०८३ को लक्ष्य | आ.व. २०८२।०८३ को प्रगति | परियोजनाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| सामुदायिक वनको कार्ययोजना निर्माण नवीकरण तालिम/ | १ | १ | १ |

## नतिजा २: समावेशी र दिगो जलस्रोत व्यवस्थापन अभ्यासको सबलीकरण

| क्षेत्र | आ.व. २०८२।०८३ को लक्ष्य | आ.व. २०८२।०८३ को प्रगति | परियोजनाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| **आयोजनाहरु (Schemes):** | | | |
| खानेपानी नयाँ आयोजना | ० | ० | ० |
| ग्र्याभिटी | ० | ० | ० |
| सौर्य तथा विद्युतीय लिफ्ट | ० | ० | ० |
| खानेपानी पुनःस्थापना आयोजना | ० | ० | ० |
| ग्र्याभिटी | ० | ० | ० |
| सौर्य तथा विद्युतीय लिफ्ट | ० | ० | ० |
| बहुपयोगी आयोजना | ० | ० | ० |
| ग्र्याभिटी | ० | ० | ० |
| सौर्य तथा विद्युतीय लिफ्ट | ० | ० | ० |
| संस्थागत खानेपानी तथा सरसफाइ आयोजना | ० | ० | ० |
| जलवायु मैत्री विद्यालय खानेपानी तथा सरसफाइ आयोजना | ० | ० | ० |
| सामुदायस्तर पूर्ण सरसफाइ आयोजना | ० | ० | ० |
| जलवायु उत्थानशील खानेपानी सुरक्षा योजना लागु भएका आयोजना | ० | ० | ० |
| पानीको स्रोत संरक्षण, ताल र पोखरी संरक्षण, पानी भण्डारण/पुनर्भरण पोखरी, वर्षाको पानी संकलन आयोजना | ० | ० | ० |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत

| क्षेत्र | आ.व. २०८२।०८३ को लक्ष्य | आ.व. २०८२।०८३ को प्रगति | परियोजनाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| दिगो जलस्रोत व्यवस्थापन अभ्यास सम्बन्धि आयोजना | ० | ० | ० |
| **तालिम, गोष्ठी तथा अभियानहरुः** | | | |
| तयारी चरण चरणबद्ध क्रियाकलाप | ० | ० | ० |
| चरण चरणबद्ध उपभोक्ता समिति खरिद व्यवस्थापन तालिम | ० | ० | ० |

**नतिजा ३ः प्रदेश र स्थानीय स्तरमा दिगो, समावेशी र एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनका लागि अनुकूल हुने अवस्था र शासन प्रणाली**

**क्षमता विकास सम्बन्धि क्रियाकलापहरुको बुँदागत सारांशः**

- ज्ञान, सीप, साझेदारी तथा प्रसारसम्बन्धी क्रियाकलाप अन्तर्गत परियोजना व्यवस्थापन समितिको सिकाइ आदान– प्रदान तथा अनुगमन कार्यक्रम सम्पन्न गरिएको छ।
- पालिकास्तरीय जलवायु मैत्री अगुवा कृषक तालिम सम्पन्न गरिएको छ।
- वन समूहका कार्ययोजना तथा विधानसम्बन्धी अभिमुखीकरण कार्यक्रम जिल्ला डिभिजन वन कार्यालयसँगको समन्वय तथा सहकार्यमा सम्पन्न गरिएको छ।
- जिल्ला कृषि कार्यालय तथा स्थानीय कृषि शाखासँगको सहकार्यमा राष्ट्रिय धान दिवस मनाइएको छ।
- विद्यालयस्तरमा विश्व वातावरण दिवस मनाइएको छ।
- जनचेतनामूलक दिवस तथा अभियानहरू अन्तर्गत विश्व वातावरण दिवस तथा सरसफाइ ससाहसम्बन्धी कार्यक्रमहरू सम्पन्न गरिएको छ।

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलङ्गा, सल्यान



प्रमुख प्रशासकीय अधिकृत

# आर्थिक वर्ष २०८२।०८३ को बार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनका दृष्टिले विश्वका उच्च जोखिमयुक्त मुलुकहरूमध्ये एक हो। अनियमित वर्षा, तापक्रम वृद्धि, खडेरी, बाढी, पहिरो, वन डढेलो तथा पानीका स्रोतहरू सुक्दै जानुजस्ता जलवायुजन्य समस्याले प्राकृतिक स्रोत, कृषि उत्पादन, खानेपानी सेवा, वन तथा जलाधार प्रणाली तथा स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारिरहेको छ। विशेषगरी कर्णाली प्रदेशका पहाडी तथा भित्री तराई क्षेत्रहरूमा जलवायु परिवर्तनका कारण खानेपानीका मुहान सुक्ने, कृषि उत्पादनमा कमी आउने, नदी तथा खोलामा कटान बढ्ने, वन तथा जलाधार क्षेत्रको क्षयीकरण हुने तथा बाढी पहिरोजस्ता विपद्का घटनाहरू बढ्दै गएका छन्। यसले स्थानीय समुदायको खाद्य सुरक्षा, आर्थिक अवस्था, वातावरणीय सन्तुलन तथा समग्र विकास प्रक्रियामा चुनौती थपेको छ।

यस्ता चुनौतीहरूको सामना गर्दै स्थानीय सरकारको जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने, प्राकृतिक स्रोतहरूको संरक्षण तथा दिगो व्यवस्थापन प्रवर्द्धन गर्ने, विपद् जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउने तथा समुदायको जलवायु उत्थानशीलता (climate Resilience) बढाउने उद्देश्यका साथ **जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC Project)** सञ्चालन गरिएको हो। परियोजनाले स्थानीय सरकार, समुदाय तथा सरोकारवाला निकायबीचको समन्वय र सहकार्यलाई सुदृढ गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण, प्राकृतिक स्रोत संरक्षण, जलवायु उत्थानशील पूर्वाधार विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ।

**सल्यान जिल्लाको शारदा नगरपालिका** भौगोलिक तथा जलवायु विविधता भएको स्थानीय तह हो। शारदा नगरपालिका कर्णाली प्रदेशअन्तर्गत सल्यान जिल्लाको प्रमुख नगरपालिका हो। विविध प्राकृतिक बनोट, पहाडी भू-आकृति तथा अनुकूल जलवायुका कारण यो क्षेत्र भौगोलिक र वातावरणीय दृष्टिले निकै महत्वपूर्ण मानिन्छ। नगरपालिकाको भू-भाग पहाड, डाँडा, उपत्यका, खोँच, नदी-किनार तथा खेतीयोग्य समथर जमिनले बनेको छ। यस क्षेत्रमा समुद्री सतहबाट फरक-फरक उचाइ भएका भूभाग पाइने भएकाले प्राकृतिक दृश्य अत्यन्त आकर्षक देखिन्छ। शारदा नदी यस नगरपालिकाको प्रमुख नदी हो, जसले सिँचाइ, खानेपानी, माछापालन तथा कृषि उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। नदीसँगै रहेका उर्वर फाँटहरूमा धान, मकै, गहुँ, कोदो, तरकारी तथा विभिन्न फलफूलको खेती गरिन्छ। नगरपालिकाभित्र वनजंगल, घाँसे मैदान, झरना, साना खोलानाला तथा विभिन्न प्रकारका वनस्पति र वन्यजन्तुको पनि पर्याप्त उपस्थिति रहेको छ, जसले यहाँको जैविक विविधतालाई समृद्ध बनाएको छ। पहाडी भू-बनावटका कारण कतिपय क्षेत्रमा सडक निर्माण तथा यातायात विस्तार चुनौतीपूर्ण भए पनि प्राकृतिक सम्पदाले पर्यटन विकासको राम्रो सम्भावना सिर्जना गरेको छ।

शारदा नगरपालिकाको जलवायु पनि यसको भौगोलिक विविधताअनुसार फरक-फरक पाइन्छ। यहाँ मुख्यतः उपोष्णदेखि समशीतोष्ण प्रकारको जलवायु रहेको छ। तल्लो भागमा गर्मी याममा तापक्रम अपेक्षाकृत बढी हुने भए पनि माथिल्लो क्षेत्रमा मौसम चिसो र सुखद रहन्छ। मनसुनको समयमा पर्याप्त वर्षा हुने भएकाले कृषि उत्पादनका लागि आवश्यक पानी उपलब्ध हुन्छ र वनस्पतिको राम्रो विकास हुन्छ। जाडो याममा तापक्रम घटेर मौसम चिसो र सुख्खा हुन्छ, विशेषगरी



शारदा नगरपालिका नगरकार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

उच्च भूभागमा बढी चिसो अनुभव गरिन्छ। वसन्त र शरद ऋतुमा मौसम सफा, सुहाउँदो तथा रमणीय हुने भएकाले कृषि, पर्यटन र दैनिक जनजीवनका लागि अत्यन्त अनुकूल वातावरण बन्छ। यद्यपि अत्यधिक वर्षाका समयमा केही स्थानमा पहिरो, भूक्षय र बाढीको जोखिम पनि रहने गर्दछ। समग्रमा, शारदा नगरपालिकाको विविध भौगोलिक बनोट र अनुकूल जलवायुले यहाँको कृषि, वन सम्पदा, जैविक विविधता, प्राकृतिक सौन्दर्य तथा आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यस अवस्थालाई मध्यनजर गर्दै **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शारदा नगरपालिका तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाबीच भएको परियोजना कार्यान्वयन सम्झौताअनुसार** आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाको स्थानीय आवश्यकत भौगोलिक अवस्था तथा जलवायु जोखिमलाई आधार मानी विभिन्न जलवायु अनुकूलन तथा उत्थानशील विकासका कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

आर्थिक वर्ष २०८२/०८३ रक्षित तथा दिगो खानेपानी प्रणालीको निर्माण तथा सुधारमा परियोजनाअन्तर्गत सु मुहान संरक्षण, तटबन्ध निर्माण, सिँचाइ पूर्वाधार विकास, जलवायुमैत्री कृषि प्रवर्द्धन, वन तथा जलाधार संरक्षण, एकीकृत क्याचमेन्ट व्यवस्थापन, जीविकोपार्जन प्रवर्द्धन, समुदायमा जनचेतना अभिवृद्धि तथा स्थानीय सरकार, उपभोक्ता समिति, किसान समूह, सामुदायिक वन उपभोक्ता समूह र समुदायको क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिएका छन्। यी कार्यक्रमहरूले जलवायु जोखिम न्यूनीकरण, प्राकृतिक स्रोतहरूको संरक्षण, सुरक्षित खानेपानी सेवाको पहुँच विस्तार, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, वातावरण संरक्षण, विपद् जोखिम व्यवस्थापन तथा स्थानीय समुदायको दिगो जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

यसैगरी, परियोजनामार्फत योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन, प्राविधिक सहजीकरण, सार्वजनिक सुनुवाइ, प्रगति समीक्षा, वित्तीय तथा भौतिक प्रगतिको अभिलेखीकरण, सूचना व्यवस्थापन प्रणाली अद्यावधिक तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ। यसबाट कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, पारदर्शिता, उत्तरदायित्व तथा स्थानीय स्वामित्व अभिवृद्धि गर्न सहयोग पुगेको छ।

परियोजनाबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्यक्रम तथा गतिविधिहरू को समग्र उपलब्धि, भौतिक तथा वित्तीय प्रगति, प्रमुख उपलब्धि, सिकाइ, चुनौती तथा आगामी कार्यदिशाको अभिलेखीकरण र मूल्याङ्कन गर्ने उद्देश्यले **"आर्थिक वर्ष २०८२/०८३ "को वार्षिक प्रगति प्रतिवेदन** तयार पारिएको हो। यस प्रतिवेदनमा शारदा नगरपालिकामा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनामार्फत सञ्चालन भएका तटबन्ध, सिँचाइ, कृषि, वन तथा जलाधार संरक्षण, एकीकृत क्याचमेन्ट व्यवस्थापन, क्षमता विकास तथा अन्य जलवायु अनुकूलनसम्बन्धी कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति, प्रमुख उपलब्धि, सिकाइ, चुनौती तथा प्रभाव समेटिएको छ। साथै, यस प्रतिवेदनले स्थानीय सरकार, विकास साझेदार, सरोकारवाला निकाय तथा आम नागरिकलाई परियोजनाको कार्यसम्पादन, उपलब्धि तथा दिगोपनका प्रयासबारे जानकारी उपलब्ध गराउनुका साथै आगामी योजना तथा कार्यक्रम तर्जुमाका लागि सन्दर्भ सामग्रीका रूपमा समेत उपयोगी हुने अपेक्षा गरिएको छ।



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

## २. लक्ष्य बमोजिम उपलब्धी

### २.१ लक्ष्य र प्रगतिको सारांश

आर्थिक वर्ष २०८२/०८३ मा शारदा नगरपालिकामा जलवायु उत्थानशीलता, प्राकृतिक स्रोत संरक्षण तथा दिगो जीविकोपार्जन प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न ४ वटा योजनाहरू सञ्चालनमा रहेका छन्। जसअन्तर्गत २ वटा सिँचाइ योजना, १ वटा वृक्षारोपण तथा संरक्षण योजना र १ वटा तटबन्ध तथा बायोइन्जिनियरिङ्ग योजना रहेका छन्। उक्त सबै योजनाहरू क्रमागत योजनाको रूपमा सञ्चालन भइरहेका छन् र आगामी आर्थिक वर्षमा सम्पन्न हुने अपेक्षा गरिएको छ।

सञ्चालित जलवायु उत्थानशील सिँचाइसम्बन्धी योजानाहरूबाट १७९ घरधुरीका करिब ९५४ जना जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित हुने अनुमान गरिएको छ। सुधारिएको सिँचाइ सेवाको विस्तारबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुग्नेछ भने सिँचाइ योजनाहरू सम्पन्न भएपछि करिब २२० रोपनी जमिनमा नियमित सिँचाइ सुविधा उपलब्ध हुने लक्ष्य रहेको छ। प्राकृतिक स्रोतमा आधारित समाधानअन्तर्गत सञ्चालन भइरहेको तटबन्ध तथा बायोइन्जिनियरिङ्ग योजनाबाट बाढी तथा भू– क्षयको जोखिम न्यूनीकरण गर्दै करिब ५० रोपनी कृषि तथा अन्य उपयोगी जमिन संरक्षण हुने अपेक्षा गरिएको छ। यसले स्थानीय स्तरमा प्राकृतिक स्रोत संरक्षण, वातावरणीय सन्तुलन कायम तथा जलवायु जोखिम न्यूनीकरणमा सहयोग पुर्‍याउनेछ। दिगो कृषि, भूमि तथा वन व्यवस्थापन अभ्यासलाई प्रवर्द्धन गर्न कृषि समूह तथा अगुवा कृषकहरूलाई क्षमता विकाससम्बन्धी तालिम प्रदान गरिएको छ, जसबाट ३० जना कृषकहरू प्रशिक्षित भएका छन्। साथै, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूलाई वन समूहको कार्ययोजना तथा विधानसम्बन्धी अभिमुखीकरण प्रदान गरी २१ जनालाई प्रशिक्षित गरिएको छ। समग्रमा, चालु आर्थिक वर्षमा सञ्चालन भएका योजनाहरूले जलवायु अनुकूलन, कृषि उत्पादन वृद्धि, प्राकृतिक स्रोत संरक्षण, समुदायको क्षमता विकास तथा स्थानीय स्तरमा दिगो विकासका अभ्यासहरू प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

### २.२ भौतिक प्रगति

यस शारदा नगरपालिकामा आर्थिक वर्ष २०८२।०८३ भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

**१.बयाले सिँचाइ कुलो योजना**

- मुहान क्षेत्रमा तारजाली जडान गर्ने कार्य सम्पन्न भएको छ।
- ३२६ मिटर पक्की कुलो निर्माण कार्य सम्पन्न भएको छ।

**२. पञ्चासे सिमाखेत सिँचाइ कुलो योजना**

- ४०० मिटर लामो पक्की कुलो निर्माण कार्य सम्पन्न गरिएको छ।

३. बुद्ध पार्क वृक्षारोपण तथा संरक्षण योजना

- २९० मिटर लम्बाइमा काँडे तारजालीद्वारा घेरबार गर्ने कार्य सम्पन्न गरिएको छ।
- २०७ वटा बिरुवा रोपिएको छ ।

४. सुके खोला तटबन्ध तथा बायोइन्जिनियरिङ योजना

- योजनाका लागि आवश्यक बाह्य र स्थानिय निर्माण सामग्री संकलन गर्ने कार्य सम्पन्न भएको छ।

तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

| क्र. सं. | आयोजनाको प्रकार | बार्षिक लक्ष्य | | हासिल भएको उपलब्धि | | प्रगति प्रतिशत (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आयोजना संख्या | लाभान्वित जनसंख्या | आयोजना संख्या | लाभान्वित जनसंख्या | आयोजना संख्या | लाभान्वित जनसंख्या | |
| १ | खानेपानी आयोजनाहरु | ० | ० | ० | ० | ० | ० | ० |
| २ | बहुउपयोगी आयोजनाहरु | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | सिँचाई आयोजनाहरु | ३ | | २ | | ६० | | क्रमागत |
| ४ | पूर्ण सरसफाइका आयोजनाहरु | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | जलवायु मैत्री कृषि हरित घर निर्माण आयोजना | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | सुधारिएको चुल्हो आयोजना (माटोको चुल्हो, फलामको चुल्हो ) | ० | ० | ० | ० | ० | ० | ० |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

| क्र.सं. | आयोजनाको प्रकार | बार्षिक लक्ष्य | | हासिल भएको उपलब्धि | | प्रगति प्रतिशत (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आयोजना संख्या | लाभान्वित जनसंख्या | आयोजना संख्या | लाभान्वित जनसंख्या | आयोजना संख्या | लाभान्वित जनसंख्या | |
| ७ | सुधारिएको पानी घट्ट आयोजना | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | कृषि वन आयोजनाहरु | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | जीविकोपार्जन आयोजनाहरु | ० | ० | ० | ० | ० | ० | ० |
| १० | बायोइन्जिनियरिङ आयोजनाहरु | ३ | | २ | | ८० | | क्रमागत |
| ११ | पानीको स्रोत संरक्षण, ताल र पोखरीहरू संरक्षण, पानी भण्डारण/पुनर्भरण पोखरी, वर्षाको पानी संकलन आयोजनाहरु | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | प्रकृतिमा आधारित समाधान (NbS) का आयोजनाहरु (वातावरण संरक्षण गर्न, पहिरो/बाढी न्यूनीकरण कार्यहरू | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | (तटबन्ध, पहिरो सुधार तथा स्थिरीकरण आदि) । | ० | ० | ० | ० | ० | ० | ० |

तालिका २: यस आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु

१.बयाले सिँचाइ कुलो योजना

- मुहान क्षेत्रमा तारजाली जडान गर्ने कार्य सम्पन्न भएको छ।
- ३२६ मिटर पक्की कुलो निर्माण कार्य सम्पन्न भएको छ।

२. पञ्चासे सिमाखेत सिँचाइ कुलो योजना

- ४०० मिटर लामो पक्की कुलो निर्माण कार्य सम्पन्न गरिएको छ।

३. बुद्ध पार्क वृक्षारोपण तथा संरक्षण योजना

- २९० मिटर लम्बाइमा काँडे तारजालीद्वारा घेरबार गर्ने कार्य सम्पन्न गरिएको छ।
- २०७ वटा विरुवा रोपिएको छ ।

४. सुके खोला तटबन्ध तथा बायोइन्जिनियरिङ योजना

- योजनाका लागि आवश्यक बाह्य र स्थानिय निर्माण सामग्री संकलन गर्ने कार्य सम्पन्न भएको छ।

*तपसिल बमोजिमको कारणले लक्ष्य गरिए बमोजिम आयोजनाहरु सम्पन्न हुन नसकी लक्षित उपलब्धि हासिल हुन सकेन ।*

तालिका ३ : लक्ष्य बमोजिम भौतिक उपलब्धि हासिल हुन नसक्नुको कारण

| क्र.सं. | लक्ष्य बमोजिम उपलब्धि हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि शारदा नगरपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | पालिका परियोजना कार्यान्वयन एकाइका कर्मचारीहरु समयमै छनौट हुन नसक्नु । | पालिका परियोजना एकाइमा पदपुर्ती भइ सकेकाले कर्मचारी परिचालन तथा प्रोत्साहनमा जोड दिने । |
| २ | खरिद प्रक्रियामा ढिलाइ | खरिद प्रक्रिया समयम गरियो । |
| ३ | जनशक्तिको कमी | आवश्यक जनशक्ति परिपुर्तीका लागि परियोजनासंग आवश्यक परामर्श गर्ने । |

## २.३ क्षमता विकास

आर्थिक वर्ष २०८२।०८३ मा यस शारदा नगरपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धि हरु निम्न बमोजिम रहेका छन् ।



शारदा नगरपालिकाको कार्यालय
बलङ्‌ग, सल्यान

**तालिका ४ : दिगो कृषि, भूमि र वन व्यवस्थापन अभ्यासहरू गर्न तालिम सहभागीको विवरण सारांश**

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| जलवायुमैत्री अगुवा कृषक तालिम | १ | १ | ० | ३ | ५ | ५ | ६ | ९ | ० |
| घरवारी व्यवस्थापन तालिम | २ | ० | ३ | ० | ८ | २ | १३ | २ | ० |
| कार्ययोजना र विधान बारे अभिमुखिकरण | २ | ० | ० | ० | १२ | ८ | १४ | ८ | ० |
| प्रतिशत | १२% | | १२% | | ७६% | | १००% | | ० |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४ जलवायु उत्थानशील कृषि तथा कृषिवन क्रियाकलाप

यस आर्थिक वर्षमा कृषि तथा कृषिवन तर्फ यस शारदा नगरपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धि हासिल भएको छ ।

**तालिका ५ : जलवायु उत्थानशील कृषि तथा कृषिवन प्रविधि सम्बन्धि क्रियाकलाप गर्ने घरधुरी विवरण**

| क्र.सं. | दिगो उत्पादन, आयआर्जन क्रियाकलापहरु | टोलको नाम, ठेगाना | व्यवसायिक कृषि गर्ने घरधुरी | | | |
|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० |
| | ० | ० | ० | ० | ० | ० |

**तालिका ६ दिगो उत्पादन, आयआर्जन र बजारमा पहुँच बढाएका घरधुरीहरु सम्बन्धी विवरण**

| क्र.सं. | दिगो उत्पादन, आयआर्जन क्रियाकलापहरु | व्यवसायिक कृषि गर्ने व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलङ्गा, सल्यान
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० |

तालिका ७ : उपभोक्ता समिति सम्बन्धी विवरण

| क्र.सं. | समितिको नाम | मुख्य पदहरुमा प्रतिनिधित्व | | | | | समितिमा कुल सदस्यहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | बा क्षे ठ स | दलित | जनजाती | अन्य | अपाङ्गता | | |
| नतिजा १: जलवायु उत्थानशील जीविकोपार्जन तथा भू पारिस्थितिक प्रणालीको समावेशी व्यवस्थापन र संरक्षण | | | | | | | | |
| १ | बयौंले सिँचाइ कुलो योजना<br>शारदा नगरपालिका -१५,सल्यान | ३ | १ | ० | ० | ० | ३ | |
| २ | पन्चासे सिमाखेत सिँचाइ कुलो योजना<br>शारदा नगरपालिका -९.सल्यान | २ | ० | २ | ० | ० | ३ | |
| ३ | बुद्ध पार्क बृक्षारोपण तथा संरक्षण योजना<br>शारदा नगरपालिका -२.सल्यान | २ | २ | ० | ० | ० | ३ | |
| ४ | सुके खोला तटबन्ध तथा बायोइन्जिनिरिङ्ग योजना शारदा नगरपालिका-१ ,सल्यान | ४ | ० | ० | ० | ० | ३ | |
| नतिजा २: समावेशी र दिगो जलस्रोत व्यवस्थापन अभ्यासको सबलीकरण | | | | | | | | |
| १ | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | ० | ० | ० | ० | ० | ० | ० | |

**तालिका ८: जलवायु उत्थानशील, दिगो जलस्रोत र समावेशी व्यवस्थापन सम्बन्धि तालिम सहभागी विवरण सारांश**

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| तयारी चरणका चरणबद्ध अभिमुखिकरणहरु | २९ | ३७ | २५ | ३८ | ११८ | १५३ | १७२ | २२८ | ० |
| सामुदायिक खरिद प्रक्रिया सम्बन्धी तालिम | ४ | ० | १ | २ | ५ | ६ | ९ | ८ | ० |
| प्रतिशत | १७% | | १६% | | ६७% | | १००% | | ० |

**तालिका ९: स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बिकास सम्बन्धि विवरण सारांश**

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रतिशत | ० | | ० | | ० | | ० | | ० |

## ३. अनुगमन तथा प्रतिवेदन

**तालिका १०: परियोजना अन्तर्गत सन्चालित आयोजनाहरुको अनुगमन विवरण**

| क्र.सं. | आयोजनाको नाम | चरणवद्ध कार्यपद्धति बमोजिम गरिएको स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | शारदा नगर कार्यपालिका कार्यालयबाट अनुगमनमा सहभागी संख्या |
|---|---|---|---|---|
| १. | बयाँले सिँचाइ कुलो योजना<br>शारदा नगरपालिका-१५,सल्यान | २ | २ | ४ |
| २. | पन्चासे सिमाखेत सिँचाइ कुलो योजना<br>शारदा नगरपालिका-९,सल्यान | २ | २ | ४ |
| ३. | बुद्ध पार्क बृक्षारोपण तथा संरक्षण योजना | २ | २ | ३ |

| क्र.सं. | आयोजनाको नाम | चरणवद्ध कार्यपद्धति बमोजिम गरिएको स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | शारदा नगर कार्यपालिका कार्यालयबाट अनुगमनमा सहभागी संख्या |
|---|---|---|---|---|
| | शारदा नगरपालिका-२,सल्यान | | | |
| ४. | सुके खोला तटबन्ध तथा बायोइन्जिनिरिङ्ग योजना शारदा नगरपालिक-१,सल्यान | १ | १ | २ |
| | जम्मा | ७ | ७ | १३ |

तालिका ११: शारदा नगरपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश हुन नसकेको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | ३ | ३ | ० |
| २ | त्रैमासिक प्रगति प्रतिवेदन | २ | २ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| ४ | NRDF अनुगमन प्रतिवेदन | १ | १ | ० |
| ५ | अन्य प्रतिवेदन | ० | ० | ० |
| | जम्मा | ७ | ७ | ० |

तालिका ११ : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन विवरण

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाव | सुझावहरु कार्यान्वयनको विवरण |
|---|---|---|---|
| १ | २०८३।०२।०५ गते पहिलो अनुगमन | • तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएकाले कार्यान्वयन | • सुझाव कार्यान्वयन भएको |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

| | | | |
|---|---|---|---|
| | बयाले सिँचाइ योजना | चरणमा लैजाने । | |
| २ | २०८३।०२।१० गते पहिलो अनुगमन पन्चासे सिमाखेत सिँचाइ योजना | • तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएकाले कार्यान्वयन चरणमा लैजाने । | • सुझाव कार्यान्वयन भएको |
| ३ | २०८३।०२।१२ गते पहिलो अनुगमन बगर सिँचाइ योजना | • तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएकाले कार्यान्वयन चरणमा लैजाने । | • सुझाव कार्यान्वयन भएको |
| ४ | २०८३।०२।२१ गते पहिलो अनुगमन सुकेखोला तटबन्ध तथा बायोइन्जिनिरिङ्ग योजना | • तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएकाले कार्यान्वयन चरणमा लैजाने । | • सुझाव कार्यान्वयन भएको |
| ५ | २०८३।०२।२४ गते पहिलो अनुगमन तिमिले तटबन्ध तथा बायोइन्जिनिरिङ्ग योजना | • तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएकाले कार्यान्वयन चरणमा लैजाने । | • सुझाव कार्यान्वयन भएको |
| ६ | २०८३।०२।२८ गते पहिलो अनुगमन बुद्ध पार्क बृक्षारोपन तथा संरक्षण योजना | • तयारी चरणका क्रियाकलापहरु सम्पन्न भएकाले कार्यान्वयन चरणमा लैजाने । | • सुझाव कार्यान्वयन भएको |
| ७ | २०८३।०३।२३ गते दोस्रो अनुगमन बयाले सिँचाइ योजना | • योजनाको निर्माण गुणस्तरमा ध्यान दिने ।<br>• योजना कार्यान्वयनमा जनश्रमदान परिचालन गर्ने । | • सुझाव कार्यान्वयन भएको |
| ८ | २०८३।०३।२३ गते दोस्रो अनुगमन पन्चासे सिमाखेत सिँचाइ योजना | • योजनाको निर्माण गुणस्तरमा ध्यान दिने ।<br>• योजना कार्यान्वयनमा जनश्रमदान परिचालन गर्ने । | • सुझाव कार्यान्वयन भएको |

## ४. प्रगति समिक्षा तथा योजना तर्जुमा

**तालिका १२ : शारदा नगरपालिका परियोजना व्यवस्थापन समितिको बैठक**



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०८२।१०।०८ | • परियोजना परिचयात्मक अभिमुखीकरण सम्बन्धमा।<br>• परियोजनाको आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।<br>• परियोजना कार्यान्वयनको लागि परियोजना सुपरिवेक्षण समिति गठन सम्बन्धी निर्देशिका, स्थानीय तह कार्यान्वयन तथा कार्यविधि लागू गर्ने सम्बन्धमा।<br>• स्थानीय तह छनौटको बेला पेश गरिने प्रस्तावनामा बमोजिम पूँजीगत र कार्यक्रम तर्फ न्यूनतम समपुरक कोषको सुनिश्चितता सम्बन्धमा।<br>• परियोजना सञ्चालनका लागि जिम्मेवार शाखा तोक्ने तथा परियोजना कार्यान्वयन गर्ने एकाइको कार्यालय व्यवस्थापन सम्बन्धमा।<br>• चालु आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्बन्धमा।<br>• परियोजनाका कर्मचारी छनौट तथा परिचालन निर्देशिका र चालु आ.व. को कार्यभार बमोजिम आवश्यक कर्मचारीको संख्या र प्रकार निर्धारण सम्बन्धमा।<br>• परियोजना कर्मचारी छनौट तथा परिचालन निर्देशिका बमोजिम कर्मचारी छनौट वस्तुगत प्रस्तुती, सिफारिस समिति गठन तथा अन्य प्रक्रिया सम्बन्धमा।<br>• परियोजना कार्यान्वयनको लागि छनौटका लागि धन्यवाद ज्ञापन सम्बन्धमा।<br>• विविध। |
| २ | २०८२।१२।०७ | • नमुना भू-परिधि क्याचमेन्ट क्षेत्र प्रथामिकीकरण सम्बन्धमा।<br>• कार्ययोजना नवीकरणको सहयोगका लागि पत्राचार गर्ने सम्बन्धमा।<br>• यस आ.व. को बजेट तथा कार्यक्रम SUTRA मा प्रविष्टि गर्ने सम्बन्धमा।<br>• लक परियोजनाको कर्मचारी पदपूर्तिका लागि परीक्षा (छोटो सूची निर्धारण, लिखित परीक्षा तथा अन्तर्वार्ता मूल्याङ्कन कार्यहरू) सम्बन्धमा। |
| ३ | २०८३।०१।१६ | • परियोजना कार्यान्वयन इकाईका कर्मचारीको अन्तिम नतिजा प्रकाशन र परिचालन सम्बन्धमा । |
| ४ | २०८३।०१।३१ | • परियोजना कार्यान्वयन इकाईको लागि बैकल्पित उम्मेदवारको करार |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

| | | |
|---|---|---|
| | | नियूक्तिका लागि अख्तियारी प्रदान सम्बन्धमा । |
| ५ | २०८३।०२।२९ | • आ ब २०८३।०८४ मा सञ्चालन हुने योजनाको पूर्व सम्भाव्यता अध्ययन सम्बन्धमा ।<br>• पहिलो पेश्की किस्ता रकम भुक्तानी सम्बन्धमा ।<br>• विविध |
| ६ | २०८३।०३।२९ | • दोस्रो अनुगमन तथा सार्वजनिक सुनुवाई सम्बन्धमा ।<br>• दोस्रो पेश्की किस्ता रकम भुक्तानी सम्बन्धमा ।<br>• विविध<br>• |
| अन्य साझेदारहरुले आयोजना गरेको बैठकहरुमा सहभागी र छलफलका प्रमुख विषयबस्तुहरु | | |
| १ | २०८३।०२।२२ | • टेक्सेस (TECSES) परियोजना सगैं विश्व बाताबरण दिवश मनाउने ।<br>• दुबै परियोजना बिच हाल सम्मका प्रगति तथा आगमि कार्ययोजना बारे छलफल । |
| २ | २०८३।०३।१५ | • जिल्ला कृषि कार्यालय सल्यान मा धान दिवश मनाउने सम्बन्धमा |
| ३ | २०८३।०३।१६ | • डिभिजन वन कार्यालय सल्यानमा सामुदायिक वन उपभोक्ता समितिका कार्ययोजना र विधान बारे अभिमुखीकरण सञ्चालन गर्न । |

तालिका १३: परियोजना कार्यान्वयन एकाइको द्वैमासिक/अर्धबार्षिक योजना तर्जुमा तथा प्रगति समीक्षा बैठक

| क.सं. | मिति | प्रमुख विषयगत छलफल तथा अभिमुखिकरणको शिर्षक |
|---|---|---|
| १ | २०८३।०३।०५ | • हाल सम्मको प्रगति समीक्षा<br>• योजनाहरुको निर्माण कार्य सम्बन्धमा । |
| २ | २०८३।०४।०४ | • हाल सम्मको प्रगति समीक्षा<br>• योजनाहरुको निर्माण कार्य सम्बन्धमा ।<br>• सुझावहरु कार्यान्वयन गर्ने सम्बन्धि । |

## ५. परियोजना सँग सम्बन्धित स्थानीय तहका ऐन, नियम, नियमावली, रणनीति, तथा योजना सम्वन्धी क्रियाकलापहरु

- स्थानीय तहको जलवायु परिवर्तन तथा विपद् उत्थानशीलता सम्बन्धी नीति, ऐन, नियम तथा कार्यविधि निर्माण/परिमार्जनमा सहजीकरण गरिएको।
- स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटमा जलवायु उत्थानशीलता मूलप्रवाहीकरण गर्न प्राविधिक सहयोग गरिएको।



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलउ, सल्यान

- स्थानीय अनुकूलन कार्ययोजना तथा जलवायु परिवर्तनसँग सम्बन्धित योजना र कार्यक्रमलाई स्थानीय तहको योजना प्रक्रियासँग आबद्ध गर्न सहजीकरण गरिएको।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा अपाङ्गता समावेशीकरण लाई स्थानीय योजना तथा बजेट प्रक्रियामा समावेश गर्न सहजीकरण गरिएको।
- जलवायु अनुकूलन, न्यून कार्बन विकास, जैविक विविधता संरक्षण तथा वातावरणीय दिगोपनलाई स्थानीय तहका नीति, योजना तथा कार्यक्रमसँग एकीकृत गर्न सहयोग गरिएको।
- स्थानीय तहका सम्बन्धित शाखा तथा सरोकारवालासँग समन्वय गरी जलवायु उत्थानशील विकासका लागि संस्थागत क्षमता अभिवृद्धि गरिएको।

परियोजना वार्षिक कार्यक्रम भन्दा थप गतिविधिहरू/अनुशरणीय, अनुकरणीय तथा उदाहरणीय क्रियाकलापहरू

- परियोजनाबाट निर्माण/सञ्चालन भएका योजनाहरूको गुणस्तर, दिगोपना तथा प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन तथा प्राविधिक फलोअप गरिएको।
- समुदाय तथा लाभग्राहीबाट प्राप्त सिकाइलाई अन्य समुदायमा विस्तार गर्न सिकाइ आदान– प्रदान तथा अनुभव अभिलेखीकरण गरिएको।
- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि स्थानीय स्रोत, सीप र प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको।
- कृषि क्षेत्रमा जलवायु मैत्री कृषि प्रविधि, घरबगैंचा, नमुना हरित घर तथा सूक्ष्म सिँचाइ जस्ता अभ्यासलाई प्रोत्साहन गरिएको।
- स्थानीय समुदायमा जलवायु उत्थानशीलता, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गरिएको।
- स्थानीय तह, समुदाय, कृषक समूह, वन समूह तथा अन्य सरोकारवालाबीच साझेदारी र समन्वयमा थप गतिविधिहरू सञ्चालन गरिएको।
- योजनाको दिगोपनाका लागि स्थानीय तह तथा समुदायको स्वामित्व र योगदान बढाउने अभ्यास गरिएको।
- परियोजना गतिविधिहरूमा महिला, दलित, जनजाति, विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने थप प्रयास गरिएको।

## ६. परियोजनाका अन्तरसम्वन्धित उद्देश्यसँग सम्वन्धित मुख्य मुख्य क्रियाकलापहरु

### ६.१ लैङ्गिक समानता तथा भेदभाव रहित र अपाङ्गता समाबेशीकरण

- परियोजनाअन्तर्गत सञ्चालन गरिएका सबै योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण र भेदभावरहित सहभागितालाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ।



शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

- योजना उपभोक्ता समितिहरू गठन गर्दा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको छ।
- दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक र आर्थिक रूपमा पछाडि परेका वर्गहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न विशेष प्राथमिकता दिइएको छ।
- परियोजनाअन्तर्गत सञ्चालन गरिएका विभिन्न कार्यक्रम, तालिम तथा उपभोक्ता समिति गठन प्रक्रियामा लक्षित समुदायको समावेशी सहभागितालाई विशेष जोड दिइएको छ।
- सबै समुदायलाई कुनै पनि प्रकारको जातीय, लैङ्गिक, धार्मिक वा सामाजिक भेदभावबिना समान अवसर प्रदान गर्दै योजनाहरू कार्यान्वयनमा रोजगारी गरिएको छ।
- निर्णय प्रक्रिया, योजना कार्यान्वयन तथा लाभ वितरणमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ।
- परियोजना अन्तर्गत सञ्चालन गरिएका सबै योजनाहरूमा महिला र पुरुषलाई समान कार्यका लागि समान ज्याला प्रदान गरिएको छ। श्रमिक छनोट, कार्य विभाजन तथा पारिश्रमिक वितरणमा कुनै पनि प्रकारको लैङ्गिक भेदभाव गरिएको छैन। समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तलाई पूर्ण रूपमा पालना गर्दै महिला तथा पुरुष श्रमिकलाई समान अवसर र सम्मानका साथ कार्यमा संलग्न गराइएको छ।

## ६.२ जलवायु उत्थानशिलता मुलप्रवाहिकरण

- परियोजनाअन्तर्गत जलवायु उत्थानशीलता मूलप्रवाहीकरणलाई प्राथमिकतामा राखी विभिन्न सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ।
- जलवायु– मैत्री कृषि प्रणाली सम्बन्धी शारदा नगरपालिकामा १५ जना अगुवा कृषकहरु लाई ३ दिने तालिम सञ्चालन गरिएको थियो।
- उक्त तालिममा शारदा नगरपालिकाका १५ जना अगुवा कृषक सहभागी भएका छन।
- कार्यक्रममा महिला र पुरुषको सम्मानजनक तथा समावेशी सहभागिता सुनिश्चित गरिएको छ ।
- जलवायु परिवर्तनका प्रभाव, अनुकूलनका उपाय तथा जलवायु– मैत्री कृषि अभ्यासका विषयमा सहजीकरण तथा छलफल गरिएको थियो ।
- जलवायु– मैत्री कृषि प्रविधि अपनाई कृषि उत्पादन वृद्धि, प्राकृतिक स्रोत संरक्षण तथा दिगो कृषि प्रणाली प्रवर्द्धन गर्न सहभागीहरूलाई प्रोत्साहित गरिएको छ।

## ६.३ न्यून कार्बन उत्सर्जन विकास प्रवर्द्धन

- न्यून कार्बन उत्सर्जन तथा वातावरण संरक्षणलाई प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न जनचेतनामूलक कार्यक्रम तथा वृक्षारोपण अभियान सञ्चालन गरिएको।



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

- विश्व वातावरण दिवस तथा सरसफाइ सप्ताहको अवसरमा टेक्सेस(**TECSES**) परियोजना सँगको सहकार्यमा शिवजन माध्यमिक विद्यालय,सितलपाटी माध्यमिक विद्यालय तथा आधारभूत तहका विद्यार्थीहरू बीच वातावरण संरक्षणसम्बन्धी निबन्ध लेखन प्रतियोगिता सञ्चालन गरिएको।
- कार्यक्रममार्फत विद्यार्थीहरूमा वातावरण संरक्षण, सरसफाइ तथा जलवायु परिवर्तनप्रति सचेतना अभिवृद्धि गरिएको।
- बुद्ध पार्क वृक्षारोपण तथा संरक्षण योजना अन्तर्गत विभिन्न जातका २८० वटा बिरुवा रोपण गरिएको। रोपिएका बिरुवाको संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि आवश्यक संरक्षणका गतिविधिहरू सञ्चालन गरिएको।
- वृक्षारोपण तथा जनचेतनामूलक कार्यक्रममार्फत हरित वातावरणको विकास, जैविक विविधताको संरक्षण तथा न्यून कार्बन उत्सर्जनमा योगदान पुर्‍याउने प्रयास गरिएको।

### ६.४ जैविक विविधता र वातावरणको संरक्षण

- जैविक विविधताको संरक्षण तथा स्वच्छ वातावरण प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न वातावरण संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
- विश्व वातावरण दिवस तथा सरसफाइ सप्ताहको अवसरमा टेक्सेस (**TECSES**) परियोजना सँगको सहकार्यमा शिवजन माध्यमिक विद्यालय, सितलपाटी माध्यमिक विद्यालय तथा आधारभूत तहका विद्यार्थीहरू बीच वातावरण संरक्षणसम्बन्धी निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको।
- विद्यार्थी तथा समुदायमा वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग, सरसफाइ तथा जैविक विविधताको महत्वबारे जनचेतना अभिवृद्धि गरिएको।
- बुद्ध पार्क वृक्षारोपण तथा संरक्षण योजना अन्तर्गत विभिन्न प्रजातिका २८० वटा बिरुवा रोपण गरी हरियाली विस्तार तथा जैविक विविधता संरक्षणमा योगदान पुर्‍याइएको।
- रोपिएका बिरुवाको संरक्षण, हुर्काइ तथा दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक संरक्षणात्मक गतिविधिहरू सञ्चालन गरिएको।
- वृक्षारोपण तथा जनचेतनामूलक कार्यक्रममार्फत हरित वातावरणको विकास, प्राकृतिक पारिस्थितिक प्रणालीको संरक्षण तथा वातावरणीय सन्तुलन कायम राख्न योगदान पुर्‍याइएको।

## ७. सहकार्य

तालिका १४५ :परियोजनासँग सम्बन्धित क्रियाकलापहरुमा सरोकारवाला निकायहरुसंग सहकार्य

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | श्री शिवजन मा वि सितलपाटी सल्यान | विश्व वातावरण दिवस | प्राविधिक | २०००० |

| | | | | |
|---|---|---|---|---|
| २ | श्री शिवजन मा वि सितलपाटी सल्यान | सरसफाइ सप्ताह | प्राबिधिक | ५००० |
| ३ | डिभिजन वन कार्यालय सल्यान | सामुदायिक वनको कार्ययोजना तयारी तथा नविकरण | आर्थिक तथा प्राबिधिक | ८०००० |
| ४ | टेक्सेस (**TECSES**) परियोजना | बिश्व वातावरण दिवस | प्राबिधिक | २९५०० |

## ८ आगामी आर्थिक वर्षका लागि परियोजना तर्फका प्रमुख प्राथमिकताहरु र समपुरक बजेटको व्यवस्था

यस शारदा नगरपालिकाले आगामी बर्षका लागि तपशिल बमोजिका योजनाहरु प्राथमिकिकरण गरेको छ ।

| सि.नं. | योजनाको नाम | योजनाको प्रकार ( नयाँ, मर्मत, सुधार बिस्तार ) | वार्ड नं. | योजना छनौटको आधार ( जल उपयोग गुरु योजना, LAPA, LDCRP, आवधिक योजना, पालिका परिषदबाट स्वीकृत योजना बैंक) | योजनाको प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| **१.जलवायु उत्थानशील कृषि तथा कृषिवन सम्बन्धि योजनाहरु** | | | | | | |
| १ | ६० रोपनी जमिनमा आँप लिचि सामुहिक खेति (पातिहाल्न सामुदायिक वन ) | नयाँ | ६ | पालिका परिषद | १ | |
| २. | जलबायु मैत्री ग्रीन हाउस निर्माण योजना | नयाँ | १,६,७ ९,१५ र १२ | पालिका परिषद | १ | |
| ३. | कृषि तथा कृषि-वन व्यवसाय, जीविकोपार्जन उद्यमशीलता र | नयाँ | १,६,७ ९,१५ | पालिका परिषद | १ | |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलज्ञा, सल्यान

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बजारीकरण संरचना निर्माण तथा औजार सहयोग योजना | | र १२ | | | |
| २.जलवायु उत्थानशील सिंचाइ योजना (कुलो सिचाई, पोखरी, सिचाई आदि) | | | | | | |
| ४. | बयाँले सिंचाइ कुलो योजना | क्रमागत | १५ | पालिका परिषद | क्रमागत | |
| ५. | पन्चासे सिमाखेत सिंचाइ कुलो योजना | क्रमागत | ९ | पालिका परिषद | क्रमागत | |
| ६ | टाट्के सिंचाइ कुलो | नयाँ | ६ | पालिका परिषद | १ | |
| ७ | भगवती खोला र दारिमचौर जोड्ने सिंचाइ कुलो | नयाँ | १ | पालिका परिषद | २ | |
| ८ | स्यालपानी सिंचाइ कुलो | नयाँ | १५ | पालिका परिषद | ३ | |
| ९ | फलेदा ज्यूला सिंचाइ कुलो | नयाँ | १२ | पालिका परिषद | ४ | |
| १० | मेलतडी सिंचाइ कुलो | नयाँ | २ | पालिका परिषद | ५ | |
| ११ | तुसारे टापु कुलो | नयाँ | १४ | पालिका परिषद | ६ | |
| १२ | ओखरेढुङ्गा सिंचाइ कुलो | नयाँ | १४ | पालिका परिषद | ७ | |
| १३ | पारीखोला सिंचाइ कुलो | नयाँ | ६ | पालिका परिषद | ८ | |
| १४ | मौलिकुला सिंचाइ कुलो योजना | नयाँ | १४ | पालिका परिषद | ९ | |
| ३. सुधारिएको चुलो/सुधारिएको घट्ट सम्बन्धि योजनाहरु | | | | | | |
| १५ | सुधारिएको चुल्लो निर्माण समुदाय | नयाँ | सम्पन्न योजना क्षेत्र | पालिका परिषद | १ | |
| १६ | जैविक कोइला ब्रिकेट उधम स्थापना | नयाँ | १ र ६ | पालिका परिषद | २ | |
| ४.वन समुहहरु तथा प्राकृतीक स्रोत दिगो व्यवस्थापन सम्बन्धि योजनाहरु स्रोत संरक्षण सम्बन्धि योजनाहरु | | | | | | |
| १७ | सामुदायिक बन संरक्षण र प्रबर्दन लागि रिचार्ज तथा सुरक्षा योजना | नयाँ | १२ र १३ | पालिका परिषद | २ | |
| १८ | सुकेखोला तटबन्ध तथा बायोइन्जीनेङ्ग | क्रमागत | १ | पालिका परिषद | क्रमागत | |
| १९ | बुद्ध पार्क बृक्षारोपन तथा सरक्षण योजना | क्रमागत | २ | पालिका परिषद | क्रमागत | |
| २० | सिद्धपार्क मदानामा वृक्षारोपण तथा घेरबार | नयाँ | १० | पालिका परिषद | १ | |
| ५. उपभोक्ता समिति र दिगो जलस्रोत व्यवस्थापन अभ्यास सम्बन्धि योजनाहरु | | | | | | |
| २१ | | | | | | |




नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | | | | | | |
| ६. जलवायु उत्थानसिल खानेपानी सरसफाइ र बहुपयोगी योजना सम्बन्धि योजनाहरु | | | | | | |
| २३ | महेन्द्र रत्न मा. वि. शौचालय निर्माण | नयाँ | ११ | पालिका परिषद | १ | |

## ८ सिकाई, चुनौती तथा समस्याहरु

<u>प्रतिवेदन अवधिका प्रमुख सिकाईहरु:</u>

- **समुदायको सक्रिय सहभागिताले परियोजनाको प्रभावकारिता बढाउँछ।** योजना छनोट, कार्यान्वयन तथा अनुगमनमा स्थानीय समुदायको अर्थपूर्ण सहभागिताले स्वामित्व र दिगोपनमा सकारात्मक प्रभाव परेको छ।
- **स्थानीय सरकारको नेतृत्व परियोजनाको सफलताको प्रमुख आधार हो।** नगरपालिका, वडा कार्यालय, उपभोक्ता समिति तथा सरोकारवालाबीचको समन्वयले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाएको छ।
- **जलवायु अनुकूल पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रमले समुदायको उत्थानशीलता (Resilience) बढाउँछ।** खानेपानी, सिँचाइ, संरक्षण तथा जलवायु मैत्री कृषि अभ्यासले जलवायुजन्य जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याएको छ।
- **क्षमता विकास कार्यक्रमले दीर्घकालीन प्रभाव सिर्जना गर्छ।** कृषक, उपभोक्ता समिति, स्थानीय जनप्रतिनिधि तथा कर्मचारीलाई प्रदान गरिएको तालिमले स्थानीय स्तरमा ज्ञान, सीप र नेतृत्व क्षमता अभिवृद्धि गरेको छ।
- **GEDSI (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) को प्रभावकारी कार्यान्वयनले समावेशी विकासलाई सुदृढ बनाउँछ।** महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सहभागिता बढ्दा कार्यक्रमको पहुँच र प्रभाव विस्तार भएको छ।
- **वातावरण संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापनलाई विकाससँग जोड्दा दिगोपन सुनिश्चित हुन्छ।** वृक्षारोपण, पानीका स्रोत संरक्षण तथा भूक्षय नियन्त्रणका गतिविधिले दीर्घकालीन लाभ दिने आधार तयार गरेको छ।
- **नियमित अनुगमन, प्राविधिक सहजीकरण तथा समयमै समस्या समाधानले कार्यको गुणस्तर सुधार गर्छ।** निरन्तर अनुगमनबाट समस्या पहिचान र सुधारात्मक कदम समयमै अपनाउन सहज भएको छ।
- **विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनलाई स्थानीय विकास योजनासँग एकीकृत गर्नु आवश्यक छ।** यसले परियोजनाको उपलब्धिलाई दीर्घकालसम्म कायम राख्न र स्थानीय विकास प्रक्रियामा संस्थागत गर्न मद्दत गर्दछ।
- **स्थानीय स्रोत, परम्परागत ज्ञान र आधुनिक प्रविधिको संयोजनले राम्रो परिणाम दिन्छ।** समुदायमा उपलब्ध अनुभवलाई नयाँ प्रविधिसँग जोड्दा अपनत्व र प्रभाव दुवै बढेको देखिएको छ।

तालिका १५६ : समस्या तथा समाधानका लागि गरिएका प्रयास तथा उपायहरु

| क्र.सं. | चुनौती तथा समस्याहरु | समाधानका लागि गरिएका प्रयास तथा उपायहरु |
|---|---|---|
| १ | आर्थिक वर्षमा कार्यक्रम ढिलो सुरु हुनु / निर्धारित समयभित्र गतिविधि सम्पन्न गर्न समयको चाप बढ्नु र केही कार्यक्रमको कार्यान्वयन तालिका प्रभावित हुनु । | परियोजनाका गतिविधिहरू समयमै सञ्चालन गर्न विस्तृत कार्ययोजना तयार गरी प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गरियो। |
| २ | वर्षायाममा निर्माण सामग्री खरिद तथा ढुवानीमा कठिनाइ र वर्षाका कारण सामग्री ढुवानी, भण्डारण तथा निर्माण कार्य प्रभावित भई कार्यसम्पादनमा ढिलाइ हुनु । | वर्षायामबाट हुने प्रभावलाई न्यून गर्न सम्भव भएसम्म निर्माण सामग्रीको खरिद तथा आपूर्ति प्रक्रिया छिटो सम्पन्न गर्ने प्रयास गरियो तथा आवश्यक सामग्री चरणबद्ध रूपमा साइटमा पुर्‍याइयो। |
| ३ | पहिलो पटकको खरिद सूचनामा कम प्रतिस्पर्धा हुँदा पुनः सूचना प्रकाशित गर्नुपर्नु र खरिद प्रक्रिया लम्बियो र कार्यान्वयन अवधि छोटिनु । | खरिद प्रक्रियामा पर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्न सार्वजनिक सूचना पुनः प्रकाशन गरियो, सम्भावित आपूर्तिकर्ताहरूसँग समन्वय गरियो तथा सामुदायिक खरिद कार्यविधि अनुसार प्रक्रिया अगाडि बढाइयो र योजनाहरु क्रमागत बनाइयो। |
| ४ | बजारमा निर्माण सामग्रीको अभाव र आवश्यक सामग्री समयमै उपलब्ध नहुँदा निर्माण कार्य प्रभावित हुनु । | निर्माण सामग्रीको अभावलाई व्यवस्थापन गर्न स्थानीय तथा वैकल्पिक आपूर्तिकर्तासँग निरन्तर समन्वय गरी आवश्यक सामग्री उपलब्ध गराउने प्रयास गरियो। |
| ५ | समुदायमा खेतीपातीको मुख्य सिजन भएकाले श्रम तथा सहभागितामा कमी र उपभोक्ता मिति बैठक,आम भेला अनुगमन तथा सार्वजनिक सुनुवाई श्रम परिचालन तथा निर्माण कार्यमा अपेक्षित जनसहभागिता नहुनु । | खेतीपातीको मुख्य सिजनलाई ध्यानमा राख्दै उपभोक्ता समिति, समुदाय तथा वडा कार्यालयसँग समन्वय गरी कार्यक्रम र निर्माण कार्यको समय लचकदार रूपमा व्यवस्थापन गरियो। नियमित फिल्ड अनुगमन, प्राविधिक सहजीकरण तथा प्रगति समीक्षा बैठकमार्फत देखिएका समस्याहरूको समयमै पहिचान गरी आवश्यक सुधारात्मक निर्णयहरू कार्यान्वयन गरियो। |

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, सल्यान

## अनुसूची १: यस आ.व.मा संचालित आयोजनाहरुको विवरण

| आयोजनाको नाम | वडा नं. | आयोजनाको अनुमानित लागत (रु. मा) (GoN+GoF+EU+LG) | यस आयोजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+LG) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+LG) | यस आयोजनामा पालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष्य (GoN+GoF+EU+LG) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **सिंचाइ आयोजना** | | | | | | | | |
| बयाँले सिँचाइ कुलो योजना शारदा नगरपालिका १५ सल्यान | १५ | ४४३८३०० | २५३१४९० | २५३१४९० | ० | क्रमागत भई जाने | १९०६७१० | |
| पन्चासे सिमाखेत सिँचाइ कुलो योजना शारदा नगरपालिका ९ सल्यान | ९ | २९७५३९२ | १७८५२३४ | १०४२६१७ | ७४२६१७ | क्रमागत भई जाने | ११९०१५६ | |
| जम्मा: | | ७४१३६९२ | ४३१६७२४ | ३५७४१०७ | ७४२६१७ | | ३०९६८६६ | ६२८ |
| **प्रकृतिमा आधारित समाधान (NbS) योजनाहरु (वातावरण संरक्षण गर्न पहिरो/बाढी न्यूनीकरण (तटबन्ध, पहिरो सुधार स्थिरीकरण आदि) आयोजना** | | | | | | | | |
| बुद्व पार्क बृक्षारोपन तथा सरक्षण योजना शारदा नगरपालिका २ सल्यान | २ | ५९६१८८ | २९८०९४ | १५५८९८ | १४२१९६ | क्रमागत भई जाने | २९८०९४ | |
| सुके खोला तटबन्ध तथा बायोइन्जिनेरिङ्ग योजना शारदा नगरपालिका १ सल्यान | १ | ३०३९९९१ | १५१९९९५ | १५१९९९५ | ० | क्रमागत भई जाने | १५१९९९५ | |
| जम्मा: | | ३६३६१७९ | १८१८०८९ | १६७५८९३ | १४२१९६ | | १८१८०८९ | |

## अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिम अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | ब्रा.क्षे.ठ.स. महिला | ब्रा.क्षे.ठ.स. पुरुष | अपाङ्गता भएका महिला | अपाङ्गता भएका पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिंचाइ आयोजना चरणवद्ध कार्यपद्धति बमोजिमका तालिम | | | | | | | | | | | | |
| १ | परियोजना पूर्ण सरसफाइ तथा जेड्सी अभिमुखिकरण | ६,९ र १५ | १ | ३ | ३ | १ | ३ | ६ | १२ | १७ | ० | ० |
| २ | जलवायुमैत्री कृषि र कृषि वन वातावरण तथा जैबिक बिबिधताको संरक्षण | ६,९ र १५ | १ | ३ | ३ | १ | ३ | ६ | १२ | १७ | ० | ० |
| ३ | आर्थिक व्यवस्थापन तथा लेखापालन | ६,९ र १५ | १ | ३ | ३ | १ | ३ | ६ | १२ | १७ | ० | ० |
| ४ | निर्माण पूर्वको अभिमुखिकरण | ९,१५ | १ | २ | २ | १ | २ | ५ | १० | १५ | ० | ० |
| ५ | निर्माण चरणको अभिमुखिकरण | ९, १५ | १ | २ | २ | १ | २ | ५ | १० | १५ | ० | ० |
| ६ | आर्थिक व्यवस्थापन तथा लेखापालन सम्बन्धि पून ताजकी तालिम | ९ ,१५ | १ | २ | २ | १ | २ | ५ | १० | १५ | ० | ० |
| बाढी नियन्त्रण तटबन्ध तथा बायोइन्जीनिरीङ्ग आयोजना चरणवद्ध कार्यपद्धति बमोजिमका तालिम | | | | | | | | | | | | |
| १ | परियोजना पूर्ण सरसफाइ तथा | १ र | १ | २ | २ | १ | ० | १ | ६ | ४ | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जेड्सी अभिमुखिकरण | २ | | | | | | | | | | |
| २ | जलवायुमैत्री कृषि र कृषि वन वातावरण तथा जैबिक बिबिधताको संरक्षण | १२ | १ | २ | २ | १ | ० | १ | ६ | ४ | ० | ० |
| ३ | आर्थिक व्यवस्थापन तथा लेखापालन | १२ | १ | २ | २ | १ | ० | १ | ६ | ४ | ० | ० |

## अनुसूची २.२: आर्थिक वर्ष २०८२।०८३ को पेश्की बाँकीको अवस्था

| कुल पेश्की रकम रु | कुल फर्छ्यौट गर्न बाँकि पेश्की रकम रु |
|---|---|
| रु.३९१०७०६।०० | रु.३९१०७०६।०० |
| | |

## "तालिमबाट सिकेको सीप व्यवहारमा: मल्चिङ प्रविधिबाट तरकारी खेतीमा सफलता"

शारदा नगरपालिका– २, सल्यान निवासी ४८ वर्षीय राम बहादुर ताम्राकार परम्परागत रूपमा तरकारी खेती गर्दै आउनुभएको थियो। खेतीप्रति रुचि भए पनि झारपात व्यवस्थापन, श्रम लागत तथा समयको बढी खर्चका कारण उत्पादनलाई अझ प्रभावकारी बनाउन चुनौती थियो।

यही चुनौतीलाई अवसरमा बदल्ने उद्देश्यले उहाँले शारदा नगरपालिका जलवायु परिवर्तन स्थानिय अनुकुलन लक परियोजनाद्वारा मिति २०८३ साल असार १२ गतेदेखि १४ गतेसम्म शारदा नगरपालिका वडा न ६ को बरलामा आयोजना गरिएको जलवायु मैत्री अगुवा कृषक तालिम मा सहभागिता जनाउनुभयो। तालिममा आधुनिक तरकारी खेती, मल्चिङ प्रविधि, माटो व्यवस्थापन तथा जैविक खेतीसम्बन्धी व्यावहारिक ज्ञान प्राप्त गर्नुभयो।



तालिम अवधिमा सहभागिमा उत्कृष्ट ज्ञान हासिल गरेकाले आयोजकले सम्मान का लागि केही कृषि सामाग्री वितरण गरियो । तालिम सम्पन्न भएपछि उहाँले सिकेका सीपलाई आफ्नै करेसाबारीमा प्रयोग गर्दै तरकारी खेतीमा मल्चिङ प्रविधि अवलम्बन गर्नुभयो। यस प्रविधिको प्रयोगबाट खेतमा झारपातको वृद्धि उल्लेखनीय रूपमा कम भएको, माटोको चिस्यान संरक्षण भएको, सिँचाइ तथा गोडमेलमा लाग्ने समय र श्रमको बचत भएको अनुभव उहाँले साझा गर्नुभएको छ। यसले खेतीलाई थप व्यवस्थित, सहज र प्रभावकारी बनाएको छ।

यसका साथै, उहाँले आफ्नै घरमा उत्पादन गरिएको जैविक मल प्रयोग गरी स्वस्थ तथा गुणस्तरीय तरकारी उत्पादन गर्न थाल्नुभएको छ। स्थानीय स्रोत साधनको उपयोग गर्दै जैविक खेतीलाई प्राथमिकता दिँदा उत्पादन लागत घट्नुका साथै माटोको उर्वराशक्ति संरक्षणमा समेत सकारात्मक प्रभाव परेको उहाँको अनुभव छ।



परियोजनाअन्तर्गत सञ्चालन गरिएको तालिमले केवल सैद्धान्तिक ज्ञान मात्र नभई व्यवहारमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको यस उदाहरणबाट पुष्टि हुन्छ। ताम्राकारले तालिमबाट सिकेका प्रविधि व्यवहारमा लागू गरी आफ्नो खेती प्रणालीमा सकारात्मक परिवर्तन ल्याउन सफल हुनुभएको छ। उहाँको अनुभवबाट प्रेरित भएर आसपासका कृषकहरूले पनि मल्चिङ प्रविधि र जैविक खेतीप्रति चासो देखाउन थालेका छन्। अब यसै खेति मार्फत आफुनो नाममा रहेको जमिनमा कृषि कर्म लाई अगाडि बढाउने बताउनु भयो ।





शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

## अनुसूची ४: दृश्यता तथा प्रचारप्रसार (सुचना, शिक्षा र संचार)

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची ५: परियोजना कार्यान्वयन एकाइ जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यस्थल (डिउटी स्टेशन) | जम्मा कार्य गरेको अवधि (महिनामा) |
|---|---|---|---|---|
| क. | परियोजना कार्यान्वयन एकाइ अन्तर्गत (हाल भएका) तथा परिचालित जनशक्ति | | | |
| १ | निम राज के सी | लक परियोजना अधिकृत | परियोजना कार्यान्वयन एकाई | २ महिना ८ दिन |
| २ | विष्णु थापा | सव इन्जीनियर | परियोजना कार्यान्वयन एकाई | २ महिना ८ दिन |
| ३ | झनक के सी | सामाजिक परिचालक | परियोजना कार्यान्वयन एकाई | २ महिना ८ दिन |
| ४ | रविन्द्र खड्का | जल स्रोत प्राविधिक | परियोजना कार्यान्वयन एकाई | २ महिना |

## अनुसूची ६: प्राविधिक तालिम प्राप्त जनशक्तिको विवरण

| क्र.सं. | नाम | म/पु/अ | आयोजना/समुह/समुदायको नाम | ठेगाना र सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| क. | अगुवा कृषक | | | | |
| १ | निम बहादुर नाथ | पु | बयाले सिचाइ कुलो योजना | शारदा न पा १५ सल्यान | |
| २ | गोमा भट्टराई | म | फलफुल तथा ताजा तरकारी समुह | शारदा न पा १५ सल्यान | |
| ३ | राज कुमारी बस्नेत | म | फलफुल तथा ताजा तरकारी समुह | शारदा न पा १५ सल्यान | |
| ४ | सिता बुढाथोकी | म | स्वास्थ्य आमा समुह | शारदा न पा १५ सल्यान | |
| ५ | बविता खड्का | म | फलफुल तथा ताजा तरकारी समुह | शारदा न पा १५ सल्यान | |
| ६ | राम बहादुर ताम्राकार | पु | शारदा कृषि सहकारी सस्था | शारदा न पा ६ सल्यान | |
| ७ | तुल्सि राम भट्टराई | पु | जनसेवा कृषि समुह | शारदा न पा १५ सल्यान | |
| ८ | हुकुम बहादुर कवर | पु | प्रगतिशिल साना किसान समुह | शारदा न पा १५ सल्यान | |



शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलङ्गा, सल्यान

| क्र.सं. | नाम | म/पु/अ | आयोजना/समुह/समुदायको नाम | ठेगाना र सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| ९ | आकाश बुढाथोकी | पु | प्रगतिशिल साना किसान समुह | शारदा न पा २ सल्यान | |
| १० | ठाकुर डाँगी | पु | फलफुल तथा ताजा तरकारी समुह | शारदा न पा १५ सल्यान | |
| ११ | मानदेव कवर | पु | पन्चासे सिमाखेत सिचाइ कुलो योजना | शारदा न पा ९ सल्यान | |
| १२ | शेर बहादुर पुन | पु | कृषि सहकारी संस्था | शारदा न पा ९ सल्यान | |
| १३ | बसन्ता सुनार | म | फलफुल तथा ताजा तरकारी समुह | शारदा न पा ६ सल्यान | |
| १४ | अरुण बुढाथोकी | म | फलफुल तथा ताजा तरकारी समुह | शारदा न पा १५ सल्यान | |
| १५ | कुन्ती सुनार | म | महिला कृषि समुह | शारदा न पा ९ सल्यान | |

## अनुसूची ७: निर्माण आयोजनाबाट प्रत्यक्ष स्थानीय रोजगारीको विवरण

| क्र.सं. | आयोजनाको नाम | दक्ष कामदार रोजगारी दिन | अदक्ष कामदार रोजगारी दिन | जम्मा दिन |
|---|---|---|---|---|
| १ | बयाँले सिँचाइ कुलो योजना | २१६ | ७५६ | ९७२ |
| २ | पन्चासे सिमाखेत सिँचाइ योजना | १२० | ३३० | ४५० |
| ३ | बुद्ध पार्क तटबन्ध तथा संरक्षण योजना | ३४ | ३०० | ३३४ |
| ४ | सुकेखोला तटबन्ध तथा बायोइन्जिनिरिङ्ग | ० | १५ | १५ |
| कुल जम्मा | | ३७० | १४०१ | १७७१ |
| | | | | |

## अनुसूची ८: परियोजनाका अन्य गतिविधिबाट सिर्जित प्रत्यक्ष स्थानीय रोजगारीको विवरण

| क्र.सं. | परिचालीत समुदायको नाम | रोजगारीको प्रकार | संख्या (जना) | प्रतिवेदन अवधि सम्म सिर्जित रोजगारीको कार्यदिन |
|---|---|---|---|---|
| २ | फलफुल तथा तरकारी | अगुवा कृषक | ३ | ३० |



नगर कार्यपालिकाको कार्यालय, शारदा नगरपालिका, बलङ्ग, सल्यान

| | | | | |
|---|---|---|---|---|
| | समुह शारदा न पा ६ | | | |
| | कुल जम्मा | | ३ | ३ |

## अनुसूची ९: पालिकाको समपुरक बजेट सम्वन्धि कार्यपालिका वा गाउँ/नगरसभा बैठक निर्णयको प्रतिलि

| | | |
|---|---|---|
| १९ | पुर्वाधार तर्फ | ३ करोड ३० लाख |
| २० | पर्यटन तथा संस्कृति प्रवर्दन | ४० लाख |
| २१ | भुक्तानी बाँकी परियोजना | ८० लाख |
| २२ | कर्मचारी पारिश्रमिक | १६ करोड ३९ लाख ४२ हजार ५१३ |
| २३ | कार्यालय संचालन तथा सेवा प्रवाह | ३ करोड |
| २४ | पदाधिकारी सेवा सुविधा | १ करोड ५० लाख |
| [illegible] | वडागत [illegible] | ६९ लाख |
| २६ | लक परियोजना | १ करोड ३० लाख |
| २७ | क्रमागत योजना | ५० लाख |
| २८ | नगर प्रहरी | ९० लाख |
| २९ | समपुरक आयोजनाहरु | ५ करोड ५० लाख |
| जम्मा रु. | | **१ अरब ३६ करोड १ लाख २६ हजार ५१३** |

**आदरणीय सभाध्यक्षज्यू तथा सभासदस्यज्यूहरू,**

मैले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पूर्वाधार विकासमा सकारात्मक परिवर्तन आउने, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका प्रयासहरू थप सुदृढ हुने, सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय सुधार हुने तथा सुशासन प्रवर्द्धनमार्फत नागरिकको स्थानीय सरकारप्रतिको विश्वास र भरोसा अझ मजबुत हुने अपेक्षा लिएको छु।

स्थानीय तह निर्वाचन २०७९ पश्चात् प्राप्त जनविश्वासलाई केन्द्रमा राखी यस कार्यकालभर नगरपालिकाको विकास, सेवा प्रवाह र संस्थागत सुदृढीकरणका लागि निरन्तर प्रयास गरिएको छ। यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्ने क्रममा यहाँसम्म आइपुग्न सहयोग, सहकार्य र सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस बजेट तर्जुमा प्रक्रियामा आवश्यक मार्गदर्शन प्रदान गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडाध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू तथा राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

नगरसभाको १९ औं अधिवेशन २०८३ असार ९ १३

आ.व ०८२।०८३ मा गरिएका क्रियाकलापहरुको उत्कृष्ट फोटोहरु





pजलवायु मैत्री अगुवा कृषक तालिम

बिश्व वातावरण दिवस-निवन्धलेखन प्रतियोगिता





पन्चासे सिमाखेत सिँचाइ योजनामा निर्माणाधिन कुलो

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बल्ङ्बा, सल्यान





बयाँले सिँचाइ योजनामा दोस्रो अनुगमन तथा निर्माणाधिन कुलो







घरवारी ब्यबस्थापन तालिम



शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, सल्यान

प्रमुख प्रशासकीय अधिकृत



बयाँले सिँचाइ कुलो योजनामा आम भेला



पन्चासे सिमाखेत सिँचाइ कुलो योजनामा आम भेला



न्चासे सिँचाइ कुलो योजनामा लक परियोजना GEDSI सम्बन्धि अभिमुखिकरण



बयाँले सिँचाइ कुलो योजनामा लक परियोजना GEDSI सम्बन्धि अभिमुखिकरण



बयाँले सिँचाइ कुलो योजनामा मा विश्व बातावरण दिवशमा खानेपानी मुहान सरसफाइ उपभोक्ता बाट



चरण चरणबद्ध उपभोक्ता समितिलाई ३ दिने खरिद व्यवस्थापन तालिममा सहभागिहरु



सिँचाइ कुलो योजनामा मा पहिलो अनुगमन तथा जनिक सुनुवाईमा नगर उप प्रमुख ले मन्तब्य राख्दै



पन्चासे सिँचाइ कुलो योजनामा मा दोस्रो अनुगमन तथा सार्वजनिक सुनुवाईमा लक परियोजना अधिकृतले मन्तब्य राख्दै

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान





बयाँले सिँचाइ कुलो योजनामा मा निर्माणको काम हुदै





८३।८४ मा सञ्चालन हुने सिँचाइ कुलो योजननामा प्राविधिकहरुले पूर्व सम्भाव्यता अध्ययन कार्यक्रम सञ्चालन गर्दै

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

योजनाहरुको निर्माण पहिले र निर्माण सम्पन्न पश्चातका तुलनात्मक फोटोहरु

## पहिले / निर्माण पश्चात









## धन्यवाद



प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलङ्गा, सल्यान